नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)

पत्र संख्या : ०७७/०७८
चलानी नं. : ४९८

मिति:२०७७।०५।०८

विषय:- खर्चको स्रोत सम्बन्धमा ।

श्री स्थानीय तह, ७५३ सबै,

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०३/२९ को निर्णयानुसार कोभिड-१९ को संक्रमणका कारण घोषणा गरिएको लकडाउन अवधिमा सम्झौताको म्याद समाप्त भएका वा सो अवधिमा सम्झौता भई कार्य सम्पन्न हुन नसकेका योजना/कार्यक्रमहरुको बढिमा ६ महिना म्याद थप गर्न सकिने व्यवस्था भए अनुरुप स्थानीय तहहरुवाट आ.व. २०७६/७७ मा सञ्चालित योजना/कार्यक्रमहरुमा सशर्त, समपुरक र विशेष अनुदान तर्फका योजनाहरुको समेत म्याद थप गर्न सकिने अवस्था रहेकोमा कोभिड-१९ का कारण भएको बन्दाबन्दीले स्वीकृत बजेट फ्रिज भएको र चालु आ.व.मा नेपाल सरकारबाट सो सम्बन्धमा थप बजेट व्यवस्था नभएको हुँदा ठेक्का सम्झौता थप गर्न कठिनाइ भई द्विविधा उत्पन्न भएकोले सो सम्बन्धमा थप स्पष्टताका लागि अर्थ मन्त्रालयमा लेखी पठाइएकोमा अर्थ मन्त्रालयको च.नं.५२, मिति २०७७/०४/२५ को पत्रबाट समपुरक र विशेष अनुदानका हकमा गत आ.व.मा सम्पन्न हुनुपर्नेमा सम्पन्न नभएका आयोजना/कार्यक्रमहरुको अभिलेख र सृजित दायित्वको विवरण संकलनका लागि महालेखा नियन्त्रकको कार्यालयमा लेखी गएको र सोको जानकारी यस मन्त्रालयमा प्राप्त भएको हुँदा सो पत्र बमोजिम माग भएको विवरण सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत उपलब्ध गराउने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ।

(शान्ति पौडेल)
शाखा अधिकृत

<u>बोधार्थ</u>

श्री अर्थ मन्त्रालय, सिंहदरवार।
श्री नेपाल नगरपालिका संघ, वालुवाटार, काठमाडौं।
श्री गाउँपालिका राष्ट्रिय महासंघ, कमलादी , काठमाडौं।
श्री सूचना प्रविधि शाखा: वेवसाइटमा अपलोड गर्नुहुन।